"आठबीस नगरको समुन्नतीका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# आठबीस नगरपालिका,दैलेख

## तेह्रौं नगर सभामा प्रस्तुत

# नीति,कार्यक्रम तथा बजेट

२०८०/०३/१०

नगरसभाका अध्यक्षज्यू,
नगर सभाका सदस्यज्यूहरु
विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्युरु
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगरपालिकाका कर्मचारी एव उपस्थित सम्पूर्ण महानुभावहरु

यस नगरपालिकाको तेह्रौ नगरसभामा आफ्नो ब्यस्तताका बावजुत अमुल्य समय प्रदान गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा म सर्वप्रथम आठवीस नगरपालिका तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत एंव कृतज्ञता ब्यक्त गर्दछु ।

आज हामी यस ऐतिहासिक आठवीस नगरपालिकाको सुनौलो भविष्य सहितको तेह्रौ आठबीस नगर सभा संचालन गर्न गइरहेका छौ । नगरपालिकाको यस गरिमामय सभामा बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । यस ऐतिहासिक क्षणमा प्रजातन्त्र प्राप्ति, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नयाँ नेपाल निर्माणको क्रममा आफ्नो अमुल्य जीवनको आहुति दिनु हुने ज्ञात अज्ञात महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै यस आठबीस नगरपालिका वडा नं. ६ को माल्यावनमा भएको आगलागिमा परि ज्यान गुमाउन भएका स्व. भिम बहादुर वि.क. प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामका गर्दछु ।

*आदरणीय नगरसभाका सभाध्यक्षज्यू एंव उपस्थित महानुभावहरु*
आठवीस नगरपालिका स्थापना भएको दिन देखी आजका मिति सम्म आइपुग्दा विभिन्न खालका आरोह अवरोहहरु पार गर्दै नगरपालिकाको सुन्दर भविष्य निर्माणमा हामी निरन्तर लागि रहेका छौ । " आठवीस नगरको समुन्नतिका आधार शिक्षा, स्वास्थ्य कृषि,पर्यटन र पुर्वाधार" भन्ने मुल मर्मलाई आत्मसाथ गर्दै एक कदम अगाडी बढिरहेका छौ । नगरपालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने नीति नियम तथा कार्यविधीहरु निर्माण गर्दै कार्यान्वयन गरिरेहका छौ । नगरपालिकालाई सुबिधासम्पन्न, व्यवस्थित, समुन्नत र सुन्दर रुपमा बिकास गर्न र सोही अनुसार आवश्यक पूर्वाधार तयार गरी नगरको बिकास गर्ने चुनौती हाम्रो बीच रहेको छ।सबैको सहयोग र समन्वयबाट मात्र हामीले परिकल्पना गरेको जस्तो नगरको रुपमा यसलाई विकास गर्नका लागी सबैलाई जानकारी एंव ध्यानाकषर्णका लागी आठवीस नगरपालिकाको विद्यमान अवस्थाको सम्बन्धमा प्रस्तुत गर्न चाहन्छु।

आठवीस नगरवासी दिदि बहिनी तथा दाजुभाईहरु यहाँहरुको चाहना आकांक्षा वास्तविक आवश्यकतालाई सम्बोधन गर्न हामीलाई उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गर्दै यस क्षेत्रको सर्वाङ्गीण विकासमा नगरपालिका सदा प्रतिबद्ध रहेको छ । यस अभियानमा विकासका आवश्यकता पूर्ति गर्न हामिले संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, गैरसरकारी संघ सस्था तथा निकाय संग आवश्यक सहकार्य सहलगानी र सहकारीको मुल्य मान्यतालाई आत्मसाथ गर्दै अगाडी बढीरहेको छ।

***सवल पक्षहरु***

आठबीस नगरपालिका दैलेखको एउटा यस्तो नगरपालिका हो,जो हिमाली क्षेत्रदेखी तराई सम्मको हावापनी उपलब्ध रहेको छ।नगरपालिकामा थुप्रै खेतियोग्य भुमीरहेको छ।यो नगरपालिका भएर बगिरहेको कर्णाली नदी रारातालको प्रबेश मार्ग र पर्यटनको दृष्टिले उच्च सम्भावन हुनको साथै यस आठबीस नगरपालिकाको पहलमा कर्णाली जलयात्रा(रयाफ्टिङ्ग) संचालनमा आएको छ। यस अनुकुल हावापानी जैबिक बिबिधता र हरियाली समेतलाई यस नगरपालिकाको सवल पक्षका रुपमा लिन सकिन्छ ।नेपाल सरकारले कार्यान्वयनमा ल्याएको मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तर्गत पर्ने नयाँ शहर आयोजना समेत यस नगरपालिका क्षेत्रमा रहेकोले यसलाई सवल पक्षको रुपमा लिइएको छ।

***सुधार गर्नु पर्ने पक्ष***

- विस्तारित शहरी क्षेत्रको गुरुयोजना निर्माण,
- ढलनिकास,अब्यवस्थित शहरीकरण,
- बिधुतको पहुँचको अभाव,
- अव्यवस्थित र बिग्रेको कर्णाली राजमार्ग,
- गरिवी न्युनिकरण,
- कृषि तथा पशुजन्य बस्तुको उत्पादन बृद्धि र बजारीकरण
- रोजगारी सृजनालाई नगरपालिकाले सुधार गर्नुपर्ने पक्षको रुपमा लिएको छ ।

***अवसर***

हाम्रो नगरपालिका क्षेत्र भएर बगिरहेको, कर्णाली नदि लगायत यस नगरपालिकाका खोला बगरहरुमा पाइने नदिजन्य पदार्थ(ढुँङ्गा, गिट्टी तथा वालुवा), लगायत खनिज पदार्थ, कर्णाली राजमार्ग, नयाँ शहर आयोजना, पहाड र तराई मिश्रीत भुभाग, मध्यपहाडी पुष्पलाल लोकमार्ग, समतलतुल्य जिउलाका फाँटहरु, घना बनजंगल एव हरियाली क्षेत्र,जैविक बिबिधता, धार्मिक तथा पुरातात्विक सम्पदा, स्थानीय जातजातिको लोककला सस्कृती र मानव श्रोतलाई यस नगरपालिकाको अवसरका रुपमा लिन सकिन्छ। साथै यस आठबीस नगरपालिका वडा नं. ५ र ६ मा पाइने पत्थर खानी र अल्लो प्रसोधनलाई अवसरका रुपमा लिन सकिन्छ ।

***समस्या र चुनौतीहरु***

सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु संगै हामीले सामना गर्नुपर्ने चुनौतिहरुको बारेमा उल्लेख गर्न चाहन्छु।

१. नगरपालिकाको कार्यचाप बृद्धि भए संगै आवश्यक मानब पुँजि व्यवस्थापन गर्नु।

२. सिमित स्रोत साधनमा विकासका पूर्वाधारहरु विस्तार गर्नु ।

३. अब्यबस्थित बसोवास ।

४. अव्यवस्थित ढलनिकास।

५. उत्पादन बृद्धि गर्नु र रोजगारी सृजना गराउनु ।

६. समाजमा ब्याप्त सामाजिक कुरितिहरु जातिय विभेद, छाउपडी, लैङ्गिक हिंसा र वालविबाह र बहुविवाह अन्त्य गर्नु ।

७. फोहोरको उचित व्यवस्थापन गर्न ।

८. विपद् व्यवस्थापन गर्नु

९. भौगोलिक विकटता

१०. स्थानीय उत्पादनको बजारीकरण

**आदरणीय सभाध्यक्ष एंव सभा सदस्यज्यूहरु**

नेपालको संविधानले दिएको अधिकार अनुसार जनताको सबै भन्दा नजिकको सरकारको हैसियतले जनताका असिमित आवश्यकता र आकांक्षाहरुलाइ सम्वोधन गरी अघि बढ्नु पर्ने हुन्छ भने अर्को तर्फ हामी संग सिमित श्रोत र साधनहरु उपलब्ध रहेका छन् ।

हाम्रो नगरपालिकामा शिक्षा, कृषि, पर्यटन, पशुपालन, उद्योग र ब्यापारको प्रचुर सम्भावना रहेको भएता पनि यसको समुचित उपयोग गरी नगरपालिकालाई समृद्ध नगरपालिका बनाउने सन्दर्भमा हामीले सोचे जस्तो उपलब्धी हासिल भने गर्न सकिरहेका छैनौ । नगरबासीहरुले अझै पनी नगरपालिकाको पूर्ण अनुभुति गर्न नसकिरहेको अवस्थामा नगर कार्यपालिकाको सिंगो टिम यसलाइ सम्वोधन गर्न निरन्तर लागि परेको छ ।

**आदरणीय सभाध्यक्ष महोदय**

***अव म आठवीस नगरपालिकाबाट आर्थिक वर्ष २०७९/०८० मा भए गरेका कार्यहरुको समिक्षा प्रस्तुत गर्दछु ।***

१. आवश्यक नीतिगत र सस्थागत क्षमताको बिकास गर्दै जनताको आधारभुत आवश्यकताहरु परिपूर्ती गर्न र नगरको बिकास कार्यमा आठवीस नगरपालिका सदैव लागिरहेको छ ।

२.आठवीस नगरपालिका अन्तर्गत चालु आ व का लागी प्रस्तावित आन्तरीक आय अन्तर्गत रु ८० लाख वित्तिय समानिकरण तर्फ रु ११ करोड ११ लाख, सशर्त अनुदान तर्फ रु २३ करोड ५७ लाख, ९३ हजार र राजस्व बाडफाँड तर्फ रु १० करोड २८ लाख, प्रदेश सरकारबाट राजस्व बाडँफाड रु ८ लाख र समानिकरण अनुदान गरी रु १ करोड १० लाख ३३ हजार, अन्य अनुदान रु ३ करोड ८० लाख र प्रदेश सरकारको शसर्त अनुदान ७ करोड ४ लाख मात्र प्रस्ताव गरीएकोमा चालु आ व को जेठ मसान्त सम्ममा आन्तरीक आय तर्फ रु २८ लाख ११ हजार १ सय २४ रुपैया मात्र मात्र असुली भएको छ ।

३. चालु तर्फ विनियोजन गरिएको रु ४६ करोड ११ लाख २६ हजार मध्ये चालु आ व को जेठ मसान्त सम्म रु ३२ करोड १ लाख ९६ हजार अर्थात ६९.४३ प्रतिशत खर्च भएको छ । भने पूँजिगत तर्फ बिनियोजित रु २३ करोड २५ लाख ४९ हजार मध्ये जेठ मसान्त सम्म रु १० करोड ८५ लाख ६९ हजार अर्थात ४६.६८ प्रतिशत खर्च भएको छ । आ व को अन्त्य सम्ममा ८५ प्रतिशत भन्दा बढी बित्तिय प्रगति तथा ७० प्रतिशत बढी भौतिक प्रगति हुने अनुमान गरिएको छ ।

४. आठबीस नगरपालिका नगर शिक्षा समितिद्वारा नगर शिक्षा योजना तयार पारी शिक्षाको गुणस्तरमा सुधारका लागि कार्यक्रमहरु संचालन भैरहेका छन् ।नगरपालिका भन्दा बाहिर संचालन हुने खेलकुद प्रतियोगितामा सहभागी टोलिहरु पठाईएको छ ।

५. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु छिटो छरितो र प्रभावकारी बनाउन नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणाधिन अवस्थामा छ ।

६. १५ शैया आधारभूत अस्पतालको भवन निर्माण कार्य तिब्र गतिमा अगाडी बढिरहेकोले भवन निर्माण सम्पन्न हुने वित्तिकै संघीय सरकारसँग आवश्यक जनशक्तिको व्यवस्थापनको पहल गरी उक्त अस्पतालबाट सेवा सुविधा प्रदान गर्ने ।

७. १०० शैयाको अस्पताल निर्माणको कार्य तत्काल सुरु गर्न संघीय सरकारसँग आवश्यक पहल गर्ने ।

**आदरणीय सभाध्यक्षज्यू एंव उपस्थित महानुभावहरु**

अव म आगामी आ व २०८०।०८१ का लागि आठबीस नगर कार्यपालिकाद्वारा नगर सभामा स्वीकृतका लागि पेश गरेको निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, आठबीस नगरको समुन्नतिका आधार" भन्ने नारालाई आत्मसाथ गर्दै आठबीस नगर लाई सम्बृद्ध र सम्पन्न नगरपालिकाको रुपमा निर्माण गर्ने लक्ष्य लिइएको छ ।

**आदरणीय सभाध्यक्षज्यु**

यस गरिमामय सभा समक्ष आगामी आ व २०८०।०८१ मा संचालन गरिने कार्यक्रमहरुको तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरुलाइ यहाँ प्रस्तुत गर्दछु ।

१. नेपालको संविधान र मौजुदा कानूनहरु, नेपालको पन्धौं योजना, दिगो विकासका लक्ष्यहरुलाई आधार मान्दै यस नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि निम्न विधि अवलम्बन गरिएको छ ।

२. प्रत्येक वडाका लागि वडास्तरमा संचालन गर्न सकिने योजना तर्जुमा गरी पठाउन वडालाई बजेट सिमा तथा मार्गदर्शन प्रदान गरिएको छ ।

३. योजना तथा कार्ग्रकम छनोट गर्दा आगामि आर्थिक वर्षलाई उत्पादन तथा रोजगार बर्षका रुपमा विकास गर्ने नीति रहेकोले वडाबाट पठाउने योजना तथा कार्यक्रम कृषिजन्य उत्पादन बृद्धि गर्ने योजना छनौट गरि पठाउने व्यवस्था मिलाइएको छ ।

४. वडा समिति लगायत विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसंग नगरपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रमको बारेमा सुझाव लिएको छ ।

५. योजना छनौट गर्दा चालु आर्थिक बर्षमा सम्पन्न हुन नसक्ने योजनाहरुलाई आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिने नीति अवलम्बन गरिएको छ ।

**बजेटका उद्देश्यहरुः**

**आदरणिय सभाध्यक्षज्यु एंव उपस्थित महानुभावहरु**

आर्थिक वर्ष २०८०।०८१ का बजेटका उद्देश्यहरु यस प्रकार उल्लेख गरेको छु ।

१. विशेष गरी भारत र तेस्रो मुलुकमा रोजगारीका लागि निर्भर रहेका व्यक्तिहरुको सिप र श्रमको उपयोग गरी रोजगारी सृजना गर्ने ।

२. कृषि तथा पुशपालन पेशालाई व्यवसायिक रोजगारमुलक बनाउने ।

३. आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि र सुलभता ल्याउने ।

४. पुर्वाधारहरुको विकास र विस्तारबाट जनताको जिवनयापनमा सहजता ल्याउने ।

५. स्वच्छ खानेपानी र सरसफाईको पहुँचमा बृद्धि गर्ने ।

६. नगरको शैक्षिक गुणस्तरमा बृद्धि गर्ने ।

७. विपद्जन्य जोखिम न्युनिकरणका लागि योजनाबद्ध रुपमा अगाडी बढ्ने ।

८. वृक्षारोपण तथा संरक्षणको माध्यामबाट **"हरियाली आठबीस अभियान"** संचालन गर्ने ।

९. उद्यम व्यवसाय विकासमा विपन्न, दलित, महिला, एच.आई.भि. भएका र फरक क्षमता भएका व्यक्तिहरुको अर्थपुर्ण सहभागितामा बृद्धि गरी उहाँहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद, पुनस्थापना, सहायक सामाग्री तथा न्यायमा पहुँच हुने गरी कार्यक्रमहरु संचालन गर्ने ।

१०. नगरपालिका र वडाबाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो वनाउन प्रविधिमैत्री बनाउने ।

उपरोक्त नगरपालिकाको सोच लक्ष्य उद्देश्यलाई आत्मसात गर्दै आठबीस नगरपालिकाको दिर्घकालिन सोचको वास्तविक धरातलमा पुग्नका लागि निम्नानुसारको क्षेत्रगत नीतिहरु अवलम्बन गरिएको छ ।

**आदरणिय सभाध्यक्षज्युएंव उपस्थित महानुभावहरु**

अव म आगामी आर्थिक वर्षका क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्दछु ।

**१ राजस्व परिचालन नीति**

१.१. यस आठबीस नगरपालिका क्षेत्र भित्र संचालन हुने व्यापार व्यवसायहरु नगरपालिकामा अनिवार्य दर्ता गरी संचालन गर्ने निति लिइनेछ ।

१.२. सूचना तथा संचार प्रविधिको विकास सँगै नेपाल सरकारले संचालनमा ल्याएको राजश्व मोड्युल कार्य नगरपालिका र वडा कार्यालयहरुबाट संचालन गर्ने नीति लिइनेछ ।

१.३. नगरपालिकाको राजस्व बृद्धिका लागि करको बृद्धि भन्दा पनि करका क्षेत्रहरु पहिचान गरी करको दायरालाई दिगो र फराकिलो वनाउने नीति लाई निरन्तरता दिइनेछ ।

१.४. नगरपालिकाको स्वामित्वमा रहेका सम्पतिहरु तथा अन्य सार्वजनिक सम्पतिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१.५. प्रत्येक वर्ष मालपोत कर र व्यवसाय कर अनिवार्य तिर्ने नीति लिइनेछ ।

१.६. आन्तरीक राजस्व अभिबृद्धिका लागी सार्वजनिक निजी र साझेदारी अन्तर्गत विभिन्न संघ सस्थाहरु संग सहकार्य गरिनेछ ।

१.७. पेश्की तथा बेरुजुहरु फछ्यौट गर्ने कार्यलाई प्रभाकारी बनाइनेछ ।

१.८. करलाई व्यवस्थित गर्न यथासक्य एकिकृत सम्पतिकर प्रणाली लागु गरि करको दायरा फराकिलो बनाइनेछ ।

१.९. आन्तरीक आय सवल बनाउन राजस्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो बनाइ सर्वसुलभ बनाइनेछ ।

१.१०. आन्तरीक आय वृद्धि गर्नका लागी राजस्वका/करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।

१.११. फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउदै सो वापत प्रत्येक घरधुरी, संघसस्था, कार्यालय, व्यापारीक पसल, अस्पताल र फार्मेसीहरुलाई शुल्क लगाइनेछ ।

१.१२. बहाल विटौली कर लागु गरिनेछ ।

१.१३. नगरपालिका क्षेत्र भित्र अव्यवस्थितरुपमा संचालनमा रहेका अस्थायी क्रसर उद्योगहरुलाई अनिवार्य रुपमा करको दायरामा ल्याइने नीति लिइनेछ ।

१.१४. नगरपालिका क्षेत्र भित्र संचालन हुने व्यवसायहरुलाई अनिवार्य दर्ता गर्नको लागि घुम्ति शिविर संचालन गरिनेछ ।

**२. स्वरोजगार नीति**

२.१. चालु आर्थिक बर्षको नगरप्रमुख रोजगार कार्यक्रमलाई आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिइनेछ । साथै बहुक्षेत्रिय जागरण अभियान संचालन गरिनेछ ।

२.२. रोजगारीका अन्य सम्भावित क्षेत्रहरुको पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।

२.३. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजनामा नगरपालिकाबाट लागत साझेदारी गरी संचालन गरिनेछ ।

**३. कृषि विकास तर्फ**

३.१. प्रत्येक वडामा कृषि तथा पशु प्राबिधिकको उपलब्धता हुने गरी एक वडा एक प्राविधिकको ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

३.२. कृषकलाई कृषि तथा पशुपालन सम्बन्धी आवश्यक तालिम तथा सिप प्रदान गरिनेछ ।

३.३. समुहमा आवद्ध कृषकहरुका लागी कृषक अध्यायन अवलोकन भ्रमणको ब्यबस्था गरिनेछ ।

३.४. कृषकहरुका लागी साना सिचाई आयोजना र भकारो सुधार कार्यक्रम संचालन गरिनेछ ।

३.५. कृषि तथा पशुपालनको सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन पहिचान कार्यक्रम संचालन गरिनेछ ।

३.६. सहकारी, साना किसान र कृषक समुह सँगको साझेदारीमा उत्पादित कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

३.७. स्थानीय स्तरमा रहेका बाँस, निगालो, अल्लो र सिस्नोको संरक्षण र उत्पादनमा बृद्धि गरी उपयोग गरिनेछ ।

३.९. विभिन्न प्रजातिका वोट बिरुवाको बेर्ना, अन्य अन्न तथा नगदेवालीको विउ उत्पादनका लागी नगरपालिका क्षेत्रमा एक नर्सरीको स्थापना गरिनेछ ।

३.१०. प्रत्येक वडामा पशु उपचारका लागी आवश्यक पर्ने डिपिङ्ग लगायत आवश्यक न्यूनतम पूर्वाधार निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

३.११. नगरपालिका भित्रका सबै बाझो जमिनलाई खेर जान नदिइ कृषि योग्य भुमिको उपयोग गरी कृषि उत्पादन गर्ने नीति कार्यन्वयनमा ल्याइनेछ । साथै कृषकहरुलाई आवश्यक सामाग्री उपलब्ध गराइनेछ ।

३.१२. सार्वजनिक बनक्षेत्र, सडक तथा राजमार्गको किनारा , नदिबगर र उपयोग बिहिन सार्वजनिक सरकारी जमिनमा उपयुक्त किसिमको खेति र अन्य विरुवा रोप्ने संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।

३.१३. नीजि तथा बाँझो जग्गामा खेति गर्न कृषकहरुलाइ प्रोत्साहित गरिनेछ ।

३.१४. कृषिको व्यावसायिकरणका लागी हाइटेक नर्सरी स्थापना र टनेल हाउस तथा थोपा सिचाइ जस्ता प्रविधिको विस्तार गरिनेछ ।

३.१५. कृषि उपजमा किटनाशक औषधी तथा रासायनिक मलको प्रयोगलाइ निरुत्साहित गर्दै जैविक बिषादि र प्राङ्गारीक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

३.१६. पशुपालन र उत्पादनलाई प्रोत्साहित गर्न विउ पूजि परिचालन कार्यक्रम सचालन गरिनेछ ।

३.१७. पशु विमा, नश्ल सुधार र कृषि विमा कार्यक्रम सचालन गरिनेछ ।

३.१८. स्थानीय प्रजातिका धान, मकै, कोदो लगायतका अन्नहरुको सरक्षण तथा प्रवर्द्धन गरिनेछ । त्यस्ता वालीहरुको बजारीकरण समेतको ब्यबस्था समेत मिलाइनेछ ।

३.१९. उपयूक्त वडाहरुको छनौट गरी एक घर एक मौरी घारको नीति अवलम्बन गर्न गरिनेछ ।

३.२०. कृषि तथा पशु जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रणका लागी आवश्यक पहल गरी नियन्त्रण गरिनेछ ।

३.२१. नेपाल सरकार, प्रदेश सरकार तथा दातृ निकायसँगको समन्वय र सहयोगमा आधुनिक सित भण्डारण स्थापना र संचालनका लागि आवश्यक पहल गरिनेछ ।

३.२२. सुन्तला तथा कागति क्षेत्र विकास गरिनेछ ।

३.२३. माटोको उत्पादकत्व गुणस्तर र व्यवस्था पत्ता लगाउन माटो परिक्षण शिविर संचालन गरिनेछ ।

३.२४. कर्णालीका माछाको पहिचान झल्किने गरी माछापालनको सम्भाव्यता अध्यायन गरी माछापालन गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

३.२५. कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमहरु संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको समन्वय, सहकार्य र साझेदारीमा कार्यन्वयन गरिनेछ ।

**४. उद्योग तथा उद्यमशिलता नीति**

४.१. औद्योगिक ग्राम, औद्योगिक क्षेत्र निर्माणका लागी आवश्यक पहल गर्दै त्यसका लागी आवश्यक पूर्वाधार बिकासमा लगानी बढाइनेछ ।

४.२. स्थानीय श्रोत र साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन र रोजगारी सृजना र स्थानीय समृद्धिको आधारमा लघु तथा घरेलु उद्यमलाइ अभियानको रुपमा संचालन गरिनेछ ।

४.३. घरेलु तथा साना उद्योगको प्रर्वद्धन विकासमा जोड दिइनेछ ।

४.४. ढुङ्गा काट्ने र ब्लक निर्माण गर्ने लगाएतका स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा जोड दिइनेछ ।

४.५. महिलाहरुमा रहेको सिप क्षमता बिकास गर्न महिला उद्यमशिलता कार्यक्रमलाई अझ फराकिलो बनाइदै लिइनेछ ।

४.६. स्थानीय तहमा पाइने बासँ र निगालोबाट विभिन्न सामग्रीहरुको निर्माण गर्न यूवाहरुको सिप क्षमता विकास गरी पर्यटकहरुलाई आकर्षण गर्न कोशेली घर संचालनमा ल्याइनेछ ।

४.७. स्थानीय स्तरका उद्योगको क्षेत्रमा प्रभावकारी कार्य संचालन गर्न उद्यम विकास सहजकर्ताको व्यवस्थापन गरि परिचालन गरिनेछ ।

**५.पर्यटन प्रर्वद्धन नीति**

५.१. सस्कृति र समुदायमा आधारित होमस्टे संचालनका लागी आवश्यक पूर्वाधार विकास र पहुँचमा बिस्तार जस्ता कार्य संचालन गरिनेछ ।

५.२. रारा घुम्ने पर्यटकहरुलाई कम्तिमा १ दिन राकमकर्णालीमा बसाइ हुने गरी  र्यापटिङ संचालन कार्यलाई निरन्तरता  दिइनेछ ।

५.३. आन्तरीक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न मनोरन्जन पार्कको व्यवस्थापन गरिनेछ ।

५.४. पर्यटकको उचित सेवा,  सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकिय आवास व्यवस्था गर्न नीजि क्षेत्रसंगको समन्वयमा होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरि अनुगमन र नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

५.५. कर्णाली राजमार्गलाई आधार बनाई यस नगरपालिकाका सबै वडाहरु समेटी चक्रपथ निर्माण कार्यलाई निरन्तरता दिदै सबै वडाका पर्यटकिय स्थानहरु समेटिने गरि एकिकृत पर्यटन सर्किट निर्माणमा जोड दिइनेछ ।

५.६. पर्यटन प्रवर्द्धनका लागि संघीय सरकार, प्रदेश सरकार र पर्यटन वोर्ड सँग साझेदारी गरिनेछ ।

**६. सहकारी नीति**

६.१. सहकारीको अनुगमन र नियमनलाइ प्रभावकारी बनाइनेछ ।निष्क्रिय सहकारीहरु मर्जर तथा खारेज गर्दै सकृय सहकारी लाइ थप सवल बनाउने नीति अवलम्बन गरिनेछ ।

६.३. सहकारीका शेयर सदस्य र संचालक समितका सदस्यहरु र व्यवस्थापकका लागी आवश्यक पर्ने तालिमहरु संचालन गरिनेछ ।

६.४. नगर कृषक सहकारी साझेदारीमा आधारीत भएर व्यवसायिक कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।

६.५. नगरपालिकामा रहेका सहकारीहरु मध्य असल अभ्यास गरिरहेका सहकारीहरुलाई सम्मान गरिनेछ ।

६.६. लघुवित्त तथा वित्तिय संस्थाहरुको नियमनको लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६.७. नगरपालिकाका सम्पूर्ण सहकारीहरुमा कोपोमिस प्रणाली संचालन गरि सहकारीहरुको आधुनिकरणलाई विशेष जोड दिने नीति लिइनेछ ।

## ७. स्वास्थ्य तर्फ

७.१. हाल संचालनमा रहेका बर्थिङ्ग सेन्टर आवश्यकता अनुसार संचालनमा ल्याइनेछ ।

७.२. किशोर किशोरीका लागी लक्षित गरेर विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ । किशोरीहरुको आत्मसुरक्षाका लागी सिप क्षमतामा विकास गरिनेछ ।

७.३. महिला सँग सम्बन्धित पाठेघर खस्ने, यौन रोग र पाठेघरको मुखको क्यान्सर पहिचान गरि उपचारका लागि पहल गर्न महिला स्वास्थ क्लिनिक संचालन गरिनेछ । साथै नगरवासीको स्वास्थ्य सेवा पाउने अधिकारलाई मध्यनजर राख्दै विभिन्न खालका विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

७.४. स्वास्थ्य चौकीहरुमा प्रयोगशाला उपकरण तथा औषधी व्यवस्थापनलाई विस्तार गरिदै लगिनेछ ।

७.५. राकमकर्णाली आधारभुत अस्पतालमा आवश्यक पर्ने जनशक्तिको लागि संघीय सरकार सँग माग गरी सेवा संचालन गरिनेछ । साथै राकमकर्णाली आधारभूत अस्पताललाई स्वास्थ्य विमा कार्यक्रमको सेवा प्रदायक बनाउन आवश्यक पहल गरिनेछ ।

७.६. कर्णाली स्वास्थ बिज्ञान प्रतिष्ठान सँगको साझेदारीमा राकमकर्णाली आधारभूत अस्पताललाई विशेषज्ञ सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७.७. एच.आई.भि. को जोखिम न्यूनिकरण गर्न यस नगरपालिकाका वडाहरुमा रक्त परिक्षण कार्यक्रमलाई अगाडि बढाउन आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

७.८. यूवा पिढिमा नैरस्यता बढेर आत्महत्याका घटनाहरु बढीरहेको विषम परिस्थितिलाई मध्य नजर गर्दै स्थापित मनोसामाजिक परामर्श सेवालाई थप प्रभावकारी बनाइ नगरपालिका भित्रका सामुदायिक विद्यालयमा मासिक मनोसामाजिक परामर्शकर्ता सम्बन्धी अभिमुखिकरण तालिम संचालन गरिनेछ । साथै विद्यालयहरुमा किशोर किशोरीको समस्या अनुकुलन क्षमता अभिबृद्धिका लागि स्वास्थकर्मिहरुलाई तालिम प्रदान गरि परिचालन गरिने व्यवस्था मिलाइनेछ ।

७.९. यस आठबीस नगरपालिका वडा नं. ४ राकमकर्णाँलीमा स्थापना भएको अक्सिजन प्लान्टलाई संचालन गरि नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा अक्सिजन सिलिन्डर उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

७.१०. नगरपालिका भित्रका सबै नागरिकहरुको स्वास्थ्य विमा कार्यक्रम अनिवार्य गर्न प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

७.११. साठी वर्ष उमेर पुगि लामो समयसम्म सेवा गरेका महिला सामुदायिक स्वास्थ्य स्यंमसेविकालाई स-सम्मान विदाई गरिनेछ ।

## ८. शिक्षा नीति

८.१. यस नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी SEE परिक्षामा विशिष्ट श्रेणी A+ प्राप्त गरी उत्तिर्ण हुने १ जना दलित र १ जना गैरदलित विद्यार्थि लाई उच्च शिक्षा अध्ययनको लागि प्रति विद्यार्थि १/१ लाखका दरले र विद्यालयलाई प्रोत्साहनको स्वरुप प्रति विद्यालय रु. ५००००। –(अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराइनेछ ।

८.२. "हाम्रो आठबीस दरा" नामक स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक पाठ्यपुस्तकको व्यवस्था गरिनेछ ।

८.३. शिक्षण सस्थाको नक्साङ्कन गरी भुगोल र न्यूनतम बिद्यार्थी संख्याको आधारमा बिद्यालय समायोजन तथा दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।

८.४. दिवाखाजा सेनिटरी प्याड छात्रवृत्ती लगायतका कार्यक्रमलाई सफल कार्यान्वयन गर्दै विद्यालय शिक्षामा पहुँचको विकास र विस्तार गरिनेछ ।

८.५. शैक्षिक गुणस्तरका लागी प्रत्येक बिद्यालयका प्रधानाध्यापक सँग कार्यसम्पादन करार गर्ने नीतीलाई निरन्तरता दिदै सोको मासिक रुपमा समिक्षा गरिनेछ ।

८.६. नगरपालिका भित्रका विज्ञान तथा गणित प्रयोशाला नभएका माध्यामिक विद्यालयहरुमा विज्ञान तथा गणित प्रयोगशाला संचालनको लागि आवश्यक पहल गरिनेछ ।

८.७. शैक्षिक गुणस्तर बृद्धिको लागी प्रत्येक बिद्यालयले बिद्यालय स्तरको बार्षिक बिद्यालय सुधार कार्ययोजना र नगरले बार्षिक नगर शिक्षा सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

८.८. पाचँ वर्षमुनीका वालवालिकाको सर्वाङ्गीण विकासका लागी वालविकास केन्द्रहरुको स्तरउन्नोति गर्दै नगरपालिकामा एक वडा एक नमुना वालविकास केन्द्र संचालन गरिनेछ । यसका लागी तालिम, सामग्री तथा पूर्वाधारको ब्यवस्थापनमा जोड दिइनेछ ।

८.९. सबै सामुदायिक विद्यालयरुमा स्वच्छ खानेपानीको सुनिश्चितता गरिनेछ । साथै विद्यालय सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति विद्यालय परिवार र सरोकारवाला लाई जिम्मेवार वनाउने नीति लिइनेछ ।

८.१०. विद्यालयको अनुगमन र नियमनलाइ थप प्रभावकारी बनाइनेछ ।

८.११. विद्यालयमा असल अभ्यासहरुको आदानप्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।

८.१२. जनज्योती माध्यायमिक विद्यालय राकमकर्णाली दैलेखलाई नमूना विद्यालयको रुपमा स्थापना गरिनेछ ।

८.१३. आठबीस नगरपालिका वडा नं. १ सुकिपिउलिमा कृषि प्राविधिक क्याम्पस स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

८.१४. आठबीस शिक्षा क्याम्पसको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पहल गरिनेछ ।

## ९. यूवा तथा खेलकुद

९.१. आठबीस नगरपालिका वडा नं. ८ गाइजात्रामा खेलमैदान निर्माणको लागि बजेटको व्यवस्था गरिनेछ ।

९.२. एक वडा एक खेल मैदान निर्माणको लागि संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

९.३. राकमकर्णालीमा कवड हल निर्माणका लागी नयाँ शहर आयोजना राकमकर्णाली, दैलेख तथा संघ र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

९.४. खेलाडीहरुको मनोभाव उच्च बनाउनको लागि विभिन्न खेलहरु संचालन हुने गरी नगरस्तरीय मेयरकप आयोजना गरिनेछ ।

९.५. नगरभन्दा बाहिर हुने खेलकुद प्रतियोगितमा नगरको प्रतिनिधित्व गरी जाने खेलाडीहरुलाइ प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९.६. विद्यालय स्तरमा खेलकुदका लागी आवश्यक सामग्रीहरु उपलब्ध गराउदै विद्यालय स्तरमा हुने खेलकुद क्रियाकलापलाइ विशेष जोड दिइनेछ ।

९.७. आठबीस नगरपालिका वडा नं. १ सुकिपिउलिमा निर्माणाधिन अन्तरपालिका स्तरीय खेलमैदान निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

९.८. युवाहरुको मनोभाव उच्च पार्नको लागि युवाहरुसँग नगर प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

**१०. महिला वालवालिका तथा सामाजिक समावेशिकरण**

१०.१. महिला वालवालिकासंग सम्वन्धित सवै अन्तराष्ट्रिय सन्धी सम्झौता प्रतिवद्दताहरु तथा दिगोविकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी त्यसका सुचुकहरु पुरा गर्दै लगिनेछ ।

१०.२. सुनौला हजार दिन भित्रका आमाहरुका लागि स्वास्थ्य पोषण कार्यक्रम संचालन गरिनेछ ।

१०.३. नगरपालिका तथा वडा स्तरमा बाल अधिकारको क्षेत्रमा काम गर्ने बाल अधिकार समितिको गठन तथा परिचालन गरिनेछ ।साथै जोखिममा रहेका बालबालिकाहरुलाई आवश्यकताका आधारमा सहयोग गर्ने सिफारिस प्रणालीको स्थापन गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धी चेतनामुक कार्यक्रमहरु संचालन गरिनेछ।

१०.४. जातिय बिभेदलाइ न्यूनिकरण गर्न बिशेष अभियान सचालन गरिनेछ ।

१०.५. दलित समुदायको हकहित र क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०.६ महिला, फरक क्षमता भएका ब्यक्ति एच.आई. भि. भएका व्यक्ति, अभिभावक विहिन वालवालिका, दलित तथा विपन्न वर्गका लागी सिपमुलक आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०.७. गरिवीको कारण नगरपालिका भित्र रहेका खरका छाना भएका घरहरुको लगत संकलन गरी खरको छाना लाई विस्थापित गरी जस्तापाताद्धारा छाउने कार्यलाइ निरन्तरता दिइनेछ ।

१०.८. नगर भित्र रहेका वालक्लवहरुलाई थप क्रियाशिल बनाउन बालकोषको स्थापना गरि परिचालन गरिनेछ ।

१०.९. अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरि आवश्यक सिप तथा क्षमतामा बृद्धि गरिनेछ ।

१०.१०. सबै समुदायका महिलाहरुको न्यायमा पहुँच बढाउन कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

१०.११. महिला तथा बालबालिकासँग उपप्रमुख कार्यक्रम संचालन गरिनेछ ।

१०.१२. सत्तरी वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१०.१३. नगरपालिका स्तरिय योग शिविर संचालन गरीनेछ । साथै नसर्ने रोग सम्बन्धी सचेतना कार्यक्रम समुदाय स्तरमा परिक्षण कार्यक्रम संचालन गरिनेछ ।

१०.१४. यस आठबीस नगरपालिकामा भित्रका असाहय जेष्ठ नागरिक तथा अनाथ बालबालिकाहरुको संरक्षण तथा हकहितका लागि पालिकास्तरमा अनाथालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

**११.पूर्वाधार बिकास नीति**

११.१. बिधुतिकरणका लागी सरोकारवाला आवश्यक पहल गरि आ व २०८०।०८१ भित्र नगरपालिकाका सबै वडाहरुमा विधुत वितरण गरिनेछ।

११.२. यस आठबीस नगरपालिकाका बजार क्षेत्रहरुबाट संकलन हुने फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थान पहिचान गरी डम्फिङ्ग साइटको व्यवस्था गरिनेछ ।

११.३. यस आठबीस नगरपालिका संचालित पिकोलघु साना तथा लघुजलबिधुतआयोजना र सौर्य बिधुतिकरणलाइ जोड दिइनेछ ।

११.४. नगरपालिकाका सबै वडाहरुमा हेलिप्याड निर्माण गरिनेछ ।

११.५. विधुतिकरणमा सार्वजिनक नीजि उपभोक्त साझेदारीको नीति अवलम्बन गरिनेछ ।

११.६. सबै वडा केन्द्रका सडकहरुको स्तर उन्नोतिमा बिशेष पहल गरिनेछ ।

११.७. नगर सडक गुरुयोजना बमोजिम सडक निर्माण तथा बिस्तार गरिनेछ ।

११.८. सडक तथा यातायत बिस्तार गर्दा पानीका मुहान वनजंगल प्राकृतिक श्रोत धार्मिक स्थल विस्थापित नहुने गरी वातावरण मैत्री सडक निर्माण गरिनेछ ।

११.९. सबै किसिमका पूर्वाधार निर्माण गर्दा फरक क्षमता भएका ब्यक्ति र जेष्ठ नागरीकको पहुँच सुनिश्चित हुने गरी ब्यबस्था गरिनेछ ।

११.१०. शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ पूर्ण पालनामा जोड दिदै घरजग्गा नक्सापासको कार्य संचालन गरिनेछ ।

११.११. घरजग्गा नक्सापास तथा प्रमाणिकरण गर्दा अभिलेखिकरण वा घर बनेको प्रमाणिकरण र घर नक्सा पास गरी तीन भागमा बिभाजन गरिनेछ । नगर भित्रका सबैघरहरुलाई अनिवार्य अभिलेखिकरण गरिनेछ ।

११.१२. यातायात क्षेत्रलाई व्यवस्थित वनाउनका लागी यस आठबीस नगरपालिका वडा नं. ४ स्थित बुढाखोलामा बसपार्क निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

११.१३. नगरपालिका र प्रत्येक वडाका सडक खानेपानी सिचाई फोहोरमैला व्यवस्थापन लगायतका विकास निर्माणका कार्यहरु लाई योजनाका रुपमा अगाडी बढाई परियोजना बैक निर्माण गरिनेछ ।

११.१४. नगरको सबै वडाहरुमा ठुलो योजनाहरु सडक र खानेपानी सिचाई लगायतका पूर्वाधार निर्माणका लागी विस्तृत परियोजना प्रतिबेदन (DPR) निर्माण गरी व्यवस्थित रुपमा संचालन गरिनेछ ।

११.१५. प्रत्येक वडा सम्म निर्वाधरुपमा यातायात संचालन गर्न सक्ने गरी सडक निर्माण तथा स्तरोन्नती गरिनेछ ।

११.१६. वडा कार्यालयहरु नभएका वडाहरुमा वडा कार्यालय भवनहरु निर्माण कार्य अगाडी बढाइनेछ ।

११.१७. संघीय सरकार प्रदेश सरकार अन्य साझेदार संघ संस्थाहरुको सहयोगमा निर्माण हुने योजना तथा कार्यक्रममा लागत साझेदारी/सहभागितामा योजना कार्यन्वयन गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।

११.१८. कुनै आयोजना तथा कार्यक्रममा दोहोरोपना आउन नदिन नगरकार्यपालिकाको बैठकबाट आवश्यक संयन्त्र तयार गरिनेछ । यदी दोहोरोपना हुन गएको थाहा भएमा नगरकार्यपालिकाको बैठकबाट संशोधन गरीनेछ ।

११.१९. विकास निर्माणको काममा जनसहभागिताको माध्यमबाट अपनत्व बृद्धि गर्न टोल बिकास सस्थाको अवधारणा अवलम्बन गरिनेछ । जनसहभागिता प्रर्बद्धन गर्न कार्यबिधी निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११.२०. पुर्वाधार निर्माणमा अनिवार्य ठेक्का गर्नुपर्नेबाहेक अन्य सम्पुर्ण निर्माण कार्य उपभोक्ता समिति मार्फत संचालन गरिनेछ ।

११.२१. प्रर्याप्त सिचाई सुविधाका लागी प्रदेश सरकार संघीय सरकार सँग सहकार्य गरिनेछ ।

११.२२. नक्सापास सम्बन्धमा जनचेतना कार्यक्रम संचालन गरी कुनै पनी घर टहरा नक्सा पास गरेर मात्र बनाउने अवस्थाको सृजना गरिनेछ ।

११.२३. नगरपालिकाको प्रशासकीय भवनको निर्माणको आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११.२४. नगरपालिका भित्र यस अघि निर्माण सम्पन्न भएका योजनाहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष स्थापन गरिनेछ ।

**१२. संञ्चार तथा सुचना सम्बन्धी नीति**

१२.१. मोवाईल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलिफोन टावर स्थापना तथा 4G नेटवर्क जडानका लागी सेवा प्रदायक सँग समन्वय र सहकार्य गरिनेछ ।

१२.२. नागरिकको सूचना पाउने हकलाई पूर्णरुपमा प्रत्याभुति दिने गरी सूचनाको हकलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याइनेछ । नागरिकको सुचना माग्ने र सूचना पाउने हकलाइ सुरक्षित गर्दै सूचना प्राप्ती गर्ने कार्यमा सहजता ल्याइनेछ ।

**१३. वातावरण तथा बिपद व्यवस्थापन**

१३.१. नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण उत्पन्न विपद् जोखिम न्युनिकरणका लागि पुर्व तयारीमा जोड दिइनेछ ।

१३.२. पहिरोको उच्च जोखिम भएका ठाँउहरुमा बृक्षारोपण तथा बायोइन्जिनियरिङ्गमा जोड दिइनेछ ।

१३.४. प्रत्येक वडामा कम्तिमा ५० हजार र नगरपालिकामा २० लाखको बिपद् व्यवस्थापन कोष निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१३.५. कर्णाली नदिको कटान नियन्त्रण गर्नका लागी तटब्धन निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१३.६. नगर भित्र खालि रहेका जमिनमा बृक्षारोपण कार्यक्रमलाइ अभियानको रुपमा संचालन गरि हरित आठवीस बनाउने नीति लिइनेछ ।

१३.८. पानीका मुहान तथा धाराहरु संरक्षण गरिनेछ ।

१३.९. वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा र बायो ग्यास निर्माण गर्ने कार्यलाई प्रावकारी रुपमा कार्यन्वयन गर्न लगानीमा सहुलियत प्रदान गरिनेछ ।

१३.१०. वाढी पहिरो नियन्त्रणका लागि वृहत गुरुयोजना निर्माण गरिनेछ ।

१३.११. प्लास्टिकजन्य बस्तुको प्रयोगलाई निरुत्साहित गर्दै वातावरणमैत्री वस्तुको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१३.१२. विद्यालय तथा समुदायमा विपद् पुर्व तयारी तथा जलवायु परिवर्तन सम्बन्धी संचेतना कार्यक्रम संचालन गरिनेछ ।

१३.१३. विपद् जोखिम न्युनिकरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम संचालनका लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

**१४.सार्वजनिक सेवा तथा सस्थागत क्षमता**

१४.१. कर्मचारीको कार्य सम्पादनलाई बस्तुगत र प्रभावकारी वनाउन सबै कर्मचारीको कार्य विवरण तयार गरी लागु गरिनेछ ।

१४.२. नगरपालिका र वडाबाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा सुसुचित गर्न प्रत्येक वडाको पायक पर्ने स्थानमा नागरीक वडा पत्र राखिनेछ । साथै नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा जानकारी गराउनका लागी बिद्यालयहरुमा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

१४.३. नगरपालिका र अन्तर्गतका निकायहरु बाट प्रदान गरिने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

१४.४. बैङ्कहरुसँग आवश्यक समन्वय गरीसामाजिक सुरक्षा भत्तालाई घरघरमै पुर्याउने व्यवस्था मिलाईनेछ ।

१४.५. कर्मचारीको मनोवल उच्च वनाइ कार्य सम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीलाइ प्रोत्साहन गर्ने र नगरमा कार्यरत कर्मचारीहरुका लागि कल्याणकारी कोषको व्यवस्था लाई निरन्तरता दिइ नगर तथा वडा कार्यालयमा कार्यरत अस्थायी कर्मचारीहरुलाई आवश्यक प्रक्रिया तथा मापदण्डपुरा गरी स्थायीत्वको व्यवस्था गरिनेछ ।

१४.६. कर्मचारीको क्षमता विकासका लागी आवश्यक तालिम, अध्यायन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१४.७. जवाफदेहिता र पारदर्शिता कायम गर्न नगरपालिका र अन्तर्गतका निकायहरु बाट प्रावहगरिने सेवा तथा आयोजनाहरुको सार्वजनिक सुनुवाईका कार्यक्रमहरुलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।

१४.७. कार्यालयको आवश्यकता, औचित्य, कार्यबोझ र कार्य प्रकृतिको आधारमा कार्यरत नगरपालिकाको मौजुदा जनशक्ति व्यवस्थापन गरिनेछ ।

**१५.साझेदार सस्था सम्बन्धी नीति**

१५.१. नगपालिकाको समग्र विकासका लागी क्रियाशिल साझेदार संघ सस्थाहरुलाई विकास साझेदारको रुपमा लिइनेछ ।

१५.२. साझेदार सस्थाको योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यन्वयनमा एकद्धार प्रर्णाली अपनाइनेछ ।

१५.१३. साझेदार निकायबाट सचालित कार्यक्रमको पारर्दशिता र जवाफदेहिता सुनिश्चित गर्ने नीति लिइनेछ ।

**आदरणिय सभाध्यक्ष एंव सभा सदस्य ज्यूहरु**

अब म आ व २०८०/०८१ का लागी राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्दछु ।

उल्लिखित नीति तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा कार्यन्वयन गर्नका लागी नगरपालिकालाई नेपाल सरकार र प्रदेश सरकारकाट प्राप्त बजेट तथा नगरको आन्तरिक आय समेतलाई आकलन गरी आ.व. २०८०/८१ का लागि निम्नानुसारको बजेट तर्जुमा गरिएको छ ।

**आय तर्फ**

आगामी आर्थिक वर्षमा आन्तरीक आय तर्फ रु १ करोड प्रक्षेपण गरिएको छ । त्यसै गरि संघीय सरकारको वित्तिय समानिकरण अनुदान रु ९ करोड ७० लाख, संघीय सरकारको बिशेष अनुदान रु ८० लाख, संघीय सरकारको समपुरक अनुदान रु ५० लाख, संघीय सरकारको राजस्व बाडफाँड मार्फत प्राप्त हुने रकम रु १० करोड ६६ लाख ७५ हजार, संघीय सरकारको सर्शत अनुदान रकम रु २३ करोड १९ लाख, प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान रकम रु १ करोड १० लाख, प्रदेश सरकारको राजस्व बाँडफाडबाट प्राप्त हुने रकम रु ५ लाख, प्रदेश सरकारको समपुरक अनुदान रु. १ करोड ५० लाख, प्रदेश सरकारको विशेष अनुदान रु ५० लाख रुपैया रहेको छ ।

**व्यय तर्फ**

आय तर्फ प्रक्षेपण गरिएको रकम बमोजिम आगामी आर्थिक वर्षमा चालु तर्फ रु २९ करोड ८५ लाख र पुजिगत तर्फ रु १९ करोड ९० लाख गरी जम्मा रु ४९ करोड ७५ लाख विनियोजन गरेको छु । जसलाई क्षेत्रगतरुपमा प्रस्तुत गर्दा

१. आर्थिक विकास क्षेत्रमा रु २ करोड ४८ लाख ७५ हजार अनुमानित विनियोजन गरिएको छ ।

२. सामाजिक विकास क्षेत्रमा रु ४ करोड ९७ लाख ५० हजार अनुमानित विनियोजन गरिएको छ ।

३. पूर्वाधार क्षेत्रमा रु ९ करोड ९५ लाख अनुमानित विनियोजन गरिएको छ ।
४. शुसासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु २ करोड ४८ लाख ७५ हजार अनुमानित विनियोजन गरिएको छ ।
५. कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा रु २९ करोड ८५ लाख अनुमानित विनियोजन गरिएको छ ।

**आदरणिय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

माथि उल्लिखित पुँजिगत खर्चलाई स्थानीयतहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४(परिमार्जित) बमोजिम आर्थिक बिकास, सामाजिक बिकास, भौतिक पूर्वाधार, वातावरण तथा बिपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा रकम विनियोजन गरेको छु । बजेट आयव्ययको विस्तृत विवरण अनुसूचीहरुमा समाबेश गरेको छु ।

**आदरणिय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

प्रस्तुत नीति, कार्यक्रम र बजेट प्रभावकारी कार्यन्वयनबाट **"समृद्ध आठवीस सुखि आठवीस बासी"** हुने तर्फ हामी उन्मुख हुन्छौ भन्ने विश्वास लिएकोछु । बजेट कार्यान्वयनमा नगरकार्यपालिकाको प्रमुखज्यू, सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुको समेत महत्वपूर्ण भुमिका रहने विश्वास लिएको छु ।

अन्तमा आठवीसको समग्र विकासमा योगदान गर्ने राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि सहकारी र समुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, संन्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार सस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

कल्पना कुमारी थापा
नीति कार्यक्रम तथा बजेट तर्जुमा समिति संयोजक